गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

| खण्डः- ६ | संख्याः- १ | मितिः- २०७९/४/०१ |
|---|---|---|

भाग – २

# एक्साभेटर सञ्चालन निर्देशिका (दोस्रो संशोधन सहित), २०७५

**प्रस्तावना :**

गोसाईकुण्ड गाउँपालिकाबाट खरिद गरिएको एक्साभेटरको प्रभावकारी रुपमा सञ्चालनको व्यवस्था मिलाउने, यसबाट हुने आम्दानीको हरहिसाब व्यवस्थित बनाउने एवम् एक्साभेटरको नियमित मर्मत संभारको व्यवस्था मिलाउन वाञ्छनीय भएकोले गोसाईकुण्ड गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम गोसाईकुण्ड गाउँपालिकाको कार्यपालिकाबाट यो निर्देशिका बनाइएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस निर्देशिकाको नाम एक्साभेटर सञ्चालन निर्देशिका, २०७५ रहेको छ ।

(ख) यो निर्देशिका गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) "सञ्चित कोष" भन्नाले गोसाईकुण्ड गाउँपालिकाको सञ्चित कोष सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले गोसाईकुण्ड गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ) “अध्यक्ष” भन्नाले गोसाईकुण्ड गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) “समिति” भन्नाले एक्साभेटर सञ्चालन समिति सम्झनु पर्दछ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गोसाईकुण्ड गाउँपालिकाको प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) “सुपरभाइजर” भन्नाले एक्साभेटर रेखदेख गर्ने कर्मचारी सम्झनु पर्दछ ।

## परिच्छेद-२
## एक्साभेटरको सञ्चालन

१. एक्साभेटरको सञ्चालनलाई व्यवस्थित बनाउन देहायका सदस्य रहने गरी एक एक्साभेटर व्यवस्थापन समिति गठन गरिने छ ।

क) गोसाईकुण्ड गाउँपालिकाको अध्यक्ष- संयोजक

ख) गोसाईकुण्ड गाउँपालिकाको उपाध्यक्ष- सदस्य

ग) गोसाईकुण्ड गाउँपालिकाको सम्वन्धित वडाहरुमा निर्माण कार्य हुँदा वडा अध्यक्ष - पदेन सदस्य हुने

घ) गोसाईकुण्ड गाउँपालिकाको प्रशासकीय अधिकृत-सदस्य

ङ)  प्रमुख आर्थिक प्रशासन शाखा - सदस्य

च)  प्राविधिक इन्जिनियर - सदस्य सचिव (इञ्जिनियर नभएमा प्राविधिक शाखाको शाखा प्रमुख सदस्य सचिव हुने )

**४. समितिको काम, कर्तव्य र अधिकार**

क) एक्साभेटर सञ्चालन कार्यतालिका स्वीकृत गर्ने ।

ख) एक्साभेटर सञ्चालनको समग्र अनुगमन गरी सम्बन्धित कर्मचारीलाई निर्देशन दिने ।

ग) एक पटकमा रु. ५ लाख सम्म भन्दा बढीको मर्मत रकम स्वीकृत गर्ने ।

घ) एक्साभेटरबाट प्राप्त आम्दानीको हरहिसावको अनुगमन गरी आवश्यक सुझाव निर्देशन दिने ।

ङ) एक्साभेटरको नियमित मर्मत संभारको व्यवस्था मिलाउने ।

च) सम्वन्धित वडामा एक्साभेटर सञ्चालन हुँदा वडा अध्यक्षबाट रेखदेख र नियन्त्रण हुनेछ ।

**५. अध्यक्षको काम, कर्तव्य र अधिकार**

क) एक्साभेटर सञ्चालनको लागि स्वीकृत दिने वा प्रमुख प्रशासकीय अधिकृतलाई स्वीकृत दिन आदेश वा अधिकार प्रत्यायोजन गर्ने ।

ख) एक्साभेटरको नियमित मर्मत संभारको व्यवस्था मिलाई प्रभावकारी रुपमा सञ्चालन गर्न समग्र नेतृत्व गर्ने ।

ग) पाँच लाख सम्मको मर्मत आदेश वा स्वीकृत दिने ।

**६. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार**

क) अध्यक्षबाट आदेश लिई एक्साभेटर सञ्चालन गर्न (सुपरभाईजर) जिम्मेवार व्यक्तिलाई निर्देशन दिने ।

ख) एक्साभेटरबाट प्राप्त आम्दानीको लेखा राख्न लगाउने र प्रत्येक महिनामा हिसाव किताव समिति समक्ष पेश गर्ने ।

ग) एक्साभेटरको समग्र व्यवस्थापनमा अध्यक्षको आदेशानुसार अन्य कार्य गर्ने गराउने ।

**७. आर्थिक शाखाको काम, कर्तव्य र अधिकार**

क) एक्साभेटरको आम्दानीको व्यवस्थित अभिलेख राखी मासिक प्रतिवेदन अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

ख) एक्साभेटरको मर्मत संभार, ईन्धन आदिको व्यवस्थापनमा सहभागी भई खर्च गर्ने र लेखा राख्ने ।

**८. सुपरभाईजरको काम, कर्तव्य र अधिकार**

क) अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतको लिखित आदेश लिई सम्बन्धित वडा अध्यक्षसँग समन्वय गरी एक्साभेटरलाई काममा लगाउने ।

ख) एक्साभेटर गरेको कामको व्यवस्थित अभिलेख राख्ने ।

ग) लेखा शाखा र स्टोर शाखासँग समन्यव गरी मर्मत, ईन्धन आदिको व्यवस्थापन गर्ने ।

घ) एक्साभेटरको नियमित मर्मत संभारका लागि पेश गर्ने ।

ङ) अपरेटरको कामको नियमित रेखदेख नियन्त्रण गर्ने ।

**९. एक्साभेटरको भाडा दर**

क) एक्साभेटर सञ्चालनको भाडादर देहाय बमोजिम हुनेछः

१) गाउँपालिकाबाट स्वीकृत योजनाको काममा खटाउँदा ईन्धन, बाहेक बकेट प्रति घण्टा रु. १८०० र ब्रेकर प्रति घण्टा रु.२५०० ।*[1]

२) गाउँपालिका तथा गाउँपालिका अन्तर्गत कार्यालयहरुबाट बाहेक भुक्तानी हुने निर्माण कार्य र अन्य पालिकामा गरिने निर्माण कार्य तथा अन्य व्यवसायिक संघ संस्था फर्म कम्पनीलाई ईन्धन, अप्रेटर भत्ता बाहेक बकेट प्रति घण्टा रु. २,२०० र ब्रेकर प्रति घण्टा रु.२,९०० ।*[2]

३) गाउँपालिकाको क्षेत्र भित्र बाढी पहिरो गई बाटो अवरुद्ध भएको अवस्थामा बाटो खोल्ने कार्य गर्न सम्बन्धित वडाहरुले आफ्नो क्षेत्रमा आवश्यक पर्ने इन्धनको खर्च गाउँसभाबाट आवश्यक बजेटको व्यवस्थापन गर्नेछ र गाउँपालिकाले सो कार्यको लागि एक्साभेटर निशुल्क उपलब्ध गराउनेछ ।*[3]

**१०. अपरेटरको नियुक्ति र सेवा सुविधा**

क) अध्यक्षको आदेशमा आपसी वार्ताद्वारा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम अपरेटर करारमा नियक्ती गर्नेछ ।

ख) नेपाल सरकारबाट स्वीकृत तलव भत्ता र एक्साभेटर सञ्चालन गरेको समयमा ब्रेकर प्रयोग गर्दा प्रति घण्टा रु.३०० र बकेट प्रयोग गर्दा प्रति घण्टा रु.२०० भत्ता उपलव्ध गराउनेछ । यस्तो भत्ता कार्यालयले लगाएको सामान्य काम गर्दा उपलव्ध गराइने छैन ।

११. यस निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आएमा वा थप कुरा आवश्यक भएमा कार्यपालिकाको बैठकबाट थप परिमार्जन गर्न सकिनेछ ।

[1] दोस्रो संशोधनद्वारा संशोधित (२०७९/०३/२०)

[2] दोस्रो संशोधनद्वारा संशोधित (२०७९/०३/२०)

[3] दोस्रो संशोधनद्वारा संशोधित (२०७९/०३/२०)

**१२. सुपरभाईजरको सुविधा**

क) एक्साभेटर सञ्चालनको त्तियमित रेखदेख गरे बापत सुपरभाईजरलाई मासिक रु. ३,५०० भत्ता उपलव्ध गराईनेछ ।

**१३. मर्मत संभार कोष**

क) एक्साभेटरको मर्मत संभार प्रयोजनको लागि एक मर्मत संभार कोष रहनेछ । एक्साभेटरबाट प्राप्त आम्दानीको २० प्रतिशत रकम उक्त कोषमा जम्मा गरिनेछ । यस कोषबाट यसै निर्देशिका बमोजिम एक्साभेटर मर्मत संभार गरिनेछ ।

**१४.** एक्साभेटर सञ्चालन गर्दा गाउँपालिकाबाट स्वीकृत योजना, गाउँपालिका भित्र सञ्चालन हुने योजना, अन्य कम्पनी वा संस्थालाई क्रमश: प्राथमिकता दिईनेछ ।

**१५.** एक्साभेटर भाडामा दिने क्रममा गाउँपालिकाबाट स्वीकृत योजना बाहेक अन्य काममा ५० प्रतिशत भाडा अग्रिम रकम लिएर मात्र सम्झौता गरी पठाईनेछ । गाउँपालिकाको योजनाको हकमा भाडा रकम खर्च लेख्दा सम्बन्धित उपभोक्ता समितिको नाममा खर्च लेखि सोझै गाउँपालिकाको आन्तरिक राजश्व खातामा आम्दानी बाँधिनेछ ।

आज्ञाले  
दुतेन्द्र चाम्लिङ  
प्रमुख प्रशासकीय अधिकृत